ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 21.12.2024

- Amit Saha NIC

गृह मन्त्री श्री अमित शाहले भन्नुभएको छ, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पूर्वोत्तरलाई केन्द्र विन्दुमा ल्याउनुभएको छ। आज त्रिपुराको राजधानी अगरतलामा सम्पन्न पूर्वोत्तर परिषदको बहतरौ पूर्ण सत्रलाई श्री साहले नेतृत्व गर्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, विगत दश वर्ष पूर्वोत्तरका लागि धेरै महत्त्वपूर्ण रह्यो अनि केन्द्र सरकारले निवेशकहरूलाई पूर्वात्तर क्षेत्रमा निवेश गर्न प्रोत्साहित गरिरहेछ। श्री शाहले भन्नुभयो, पहिला पूर्वोत्तरको केवल कुरामात्र हुने गर्दथियो, तर प्रधानमन्त्री श्री मोदीले यस क्षेत्रका लागि ईमानदारीका साथ प्रयास गर्नुभएको छ। उहाँले भन्नुभएको छ, क्षेत्रमा सबैभन्दा महत्त्वपूर्ण उपलब्धी यहाँ शान्ति सुथापित हुनु हो। श्री शाहले भन्नुभयो कि देश र सम्पूर्ण विश्वमा अष्ठलक्ष्मी अवधारणालाई अपनाइँदैछ।

---------------------------------------X---------------------------------------

- NEC Plenary Meeting

राज्यपाल श्री ओमप्रकाश माथुरको पनि विशेष उपस्थिति रहेको पूर्वोत्तर परिषदको बैठकमा आफ्ना कुरा राख्ने क्रममा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले क्षेत्रीय विकास र सहकार्यलाई अगाडि बढाउनमा रहेका गम्भीर चिन्ता र पहलहरूबारे प्रस्ताव राख्नुभयो। उहाँले केन्द्रिय बजेट 2024-25 साथै गृह मन्त्रदीद्वारा प्राप्त भएको सहयोगका निम्ति कृतज्ञता व्यक्त गर्दै विकसित भारत 2047-का निम्ति रहेको सामुहिक लक्ष्यमाथि प्रकाश पार्नुभयो। राज्यको अर्थतन्त्रका लागि महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको पर्यटन र MSME-को महत्त्वमाथि प्रकाश पार्दै मुख्यमन्त्रीले केन्द्र सरकारसित प्रस्तावित पूर्वोत्तर परिषदका ध्वजवाहक परियोजनामार्फत पर्यटन पूर्वाधारलाई बलियो बनाउन र उद्यमशीलतालाई प्राथमिकता दिन आग्रह गर्नुभयो। श्री तामाङले आफ्नो सम्बोधनको क्रममा सिक्किमबाट भएर कैलाश मानसरोवर यात्राको मार्ग पुनः खोल्ने अनि नेपालको सीमामा रहेको चिवा भञ्ज्याङमा एकीकृत जाँच चौकीसहितको मल्टिमोडल करिडोर स्थापना जस्ता महत्त्वपूर्ण प्रस्ताव राख्नुभयो। श्री तामाङले हालैको टिस्टा जलप्रलयका कारण राष्ट्रिय राजमार्ग दशमा उत्पन्न बाधा र रेलवे परियोजनामा भइरहेको ढिलाइ जस्ता महत्त्वपूर्ण मुद्दाको उठान गर्दै सम्पर्कमा बहाल र आर्थिक नोक्सानीको भरपाइ गर्न तत्काल कार्यवाही गरिनुपर्ने माग पनि राख्नुभयो। यस अतिरिक्त उहाँले व्यवस्थित उडान सेवा सुनिश्चित गर्न संरचनात्मक सुधारका साथै पाकिम विमानस्थलमा सबै मौसममा उड़ान सञ्चालनको आवश्यकतामाथि जोड दिनुभयो।

---------------------------------------X---------------------------------------

Rolu Dewash

जोरथाङ र मल्लीबीच रहेको रोलुमा आज सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सोल्हौं रोलु दिवस भव्य रूपमा सम्पन्न भयो। त्रिपुराको राजधानी अगरतलामा पूर्वोत्तर परिषदको महत्त्वपूर्ण बैठकका कारण मुख्यमन्त्री एवं पार्टी अध्यक्ष श्री प्रेमसिंह तामाङ यस समारोहमा उपस्थित हुन नसकेपछि सिक्किम विधानसभा अध्यक्ष श्री MN शेर्पाको मुख्य आतिथ्यमा कार्यक्रम सम्पन्न भयो। आफ्नो सम्बोधन राख्ने क्रममा भावविभोर बनेका सिक्किम विधानसभा अध्यक्ष श्री शेर्पाले 2009-मा पालन गरिएको पहिलो रोलू दिवसको सम्झना गर्दै गोले खेमाले त्यसपछि सिक्किम अनि सिक्किमेली जनसमुदायको उन्मुक्तिहेतु गरेको संघर्षका कुराहरू साझा गर्नुभयो।

कार्यक्रममा श्री मन्त्री भोजराज राई, विधायक श्री एनबी प्रधान, पूर्व विधायक श्रीमती सुनिता गजमेर आदिले पनि सम्बोधन गर्नुभयो। यसपल्टको रोलू दिवसलाई थप महत्त्व दिँदै पार्टीले रोलू मन्दिरमा दुई दिन पूजा आयोजन गरियो। रोलू माताको आशीर्वादकै कारण पार्टीले सिक्किममा जनतालाई दिएका वचनहरू पूरा गर्न सफल भएको एसकेएम पार्टीले विश्वास राख्दै आएको छ। प्रत्येक वर्ष रोलू दिवस मनाउन अघि

पार्टीले रोलू मन्दिरमा पूजा गर्ने गर्छ। आज नै एसकेएम पार्टीले नयाँ वर्षको क्यालेण्डर अनि डायरी अनावरण गऱ्यो।

यस दिवसमा आफ्नो अनुपस्थितिको महसुस हुन नदिन मुख्यमन्त्री श्री तामाङले एउटा सन्देशमार्फत रोलू दिवसको महत्त्वबारे आफ्ना विचार राख्नुभयो। पवित्र रोलू माताको आशीर्वाद आफूमाथि सदैव रहेकै कारण सिक्किम अनि सिक्किमेली जनसमुदायको सेवा गर्न पाइरहेको उल्लेख गर्दै मुख्यमन्त्रीले आफ्नो सन्देशमार्फत रोलू मातालाई हृदयबाटै धन्यवाद दिनुभयो। दोस्रोपल्टको सरकार बनाएपछिको पहिलो रोलू दिवसमा मुख्यमन्त्रीको सहभागिता हुन नसके पनि पार्टीका समर्थक र कार्यकर्ताहरूको उपस्थिति उत्साहपूर्ण रहेको देखियो।

--------------------------------------X--------------------------------------

## GST Council

राजस्थानको जैसलमेरमा हिजोदेखि शुरू भएको GST परिषदको पचपन्नौं बैठकको समापन भएको छ। वित्त मन्त्री श्रीमती निर्मला सीतारामनको अध्यक्षतामा बसेको बैठकमा विभिन्न राज्य र केन्द्रशासित प्रदेशका मुख्यमन्त्री, उपमुख्यमन्त्री र वित्त मन्त्रीले भाग लिनुभयो। यता सिक्किमबाट स्वास्थ्य मन्त्री श्री GT ढुङ्गेलले बैठकमा सहभागिता जनाउनुभयो। बैठकमा GST र करसित सम्बन्धित विभिन्न महत्त्वपूर्ण मुद्दामाथि चर्चा भयो।

--------------------------------------X--------------------------------------

- Sports

यहाँको पाल्जोर स्टेडियममा चलिरहेको सिक्किम Rising Star 2.0-अन्तर्गत सत्र वर्ष आयु मुनिको महिलावर्गको सेमिफाइनल खेल सम्पन्न भयो। आज खेलिएको पहिलो सेमिफाइनल खेलमा मानेबुङ देन्ताम स्पोर्टिङ सोसाइटीले United बोझोघारी Sporting Club-माथि जित दर्ता गऱ्यो। खेलको तीस मिनटमा पहिलो अनि अन्तिम गोल गरेर विजयी दलकी छोडेनला भोटियाले आफ्नो टोलीलाई सफलता दिलाइन। आज नै भएको सेमिफाइनलको दोस्रो खेलमा सिङलिङ Sports Academy, पाकिम United-लाई पाँच-सुन्यले हराउँदै प्रतियोगिताको फाइनलमा प्रवेश हुन सफल भएको छ। अब प्रतियोगिताको फाइनल खेलमा मानेबुङ देन्ताम Sports Society-को भिड़न्त सिङलिङ Sports Academy-सित हुनेछ। यद्यपि फाइनल खेलको मिति भने अहिलेसम्म निधो भएको छैन।

--------------------------------------X--------------------------------------